बैठक:३७-२०८०/०८१

आज मिति २०८० साल श्रावण १० गते बुधबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, नि.प्र.प्र.अ.- | हरिप्रसाद मिश्र |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |

४ उमानाथ ढुंगाल - ना.इ.

Scanned with CamScanner

कनकाई नगरपालिका

३७ औं नगर कार्यपालिका बैठक

मिति २०८०/०४/१०

आ.व २०८०/०८१

**एजेण्डाहरु**

१. समीक्षा सम्बन्धमा।
२. मालपोत सम्बन्धमा।
३. आन्तिरक आय सम्बन्धमा।
४. बालमैत्री सम्बन्धमा।
५. नगर प्रहरी सम्बन्धमा।
६. नगर अस्पताल सम्बन्धमा।
७. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को १३ औं नगर सभाबाट पारित गरिएको सम्पत्ति तथा मालपोत करको राजश्व बढी भएको भनी नागरिक तथा सरोकारवालाहरुबाट जनगुनासो प्राप्त भएको हुँदा सो गुनासाहरुको वास्तविकता बुझ्दा विभिन्न कारणबाट राजश्वमा फरक परेको देखिएको हुँदा सो राजश्व निर्धारण अझ बैज्ञानिक बनाउनका लागि तपशिल बमोजिमको सिद्धान्त तय गरी आगामी नगरसभाबाट अनुमोदन हुने करको दररेट कायम गर्ने निर्णय गरियो।

क. घर सहित व्यवसायिक क्षेत्रमा रहेका एकीकृत सम्पत्ति करको दायरामा आउने प्रकार।

ख. हाल वर्गीकरणको कारणले अधिकाशं जग्गाहरु जग्गा धनीहरुले व्यावसायिक तथा आवासीय क्षेत्रमा राख्नु भएको हुँदा हाल ती क्षेत्रहरु सोही अवस्थामा नभई सकेकोले त्यस्ता क्षेत्रहरुमा पर्ने जग्गाको मूल्याङ्कन बढे पनि वास्तविक उपलब्धि प्राप्त नगरिसकेको अवस्था रहेको।

ग. कृषि क्षेत्रमा वर्गीकरण भएका जग्गा।

घ. कतिपय वडाहरुको वर्गीकरणले पूर्णता प्राप्त नपाई सकेको अवस्था। उपयुक्त समस्या समाधानको लागि दररेटमा निम्न बमोजिम हेरफेर गरिएको छ।

**तपशिल**

| क्र.सं. | विवरण | सम्पत्ति, मालपोत तथा भूमिकर दर | कैफियत |
|---|---|---|---|
| १ | २० लाखसम्म | ५०० | |
| २ | २० लाख १ देखि ३० लाखसम्म | ७५० | |
| ३ | ३० लाख १ देखि ४० लाखसम्म | १००० | |
| ४ | ४० लाख १ देखि ५० लाखसम्म | २००० | |
| ५ | ५० लाख १ देखि ७० लाखसम्म | ३००० | |
| ६ | ७० लाख १ देखि १ करोडसम्म | ५००० | |
| ७ | १ करोड देखि ५ करोडसम्म प्रतिहजार रु. ०.५० (पचांस पैसा) का दरले सम्पत्ति, मालपोत तथा भूमिकर लाग्ने छ। | | |
| ८ | ५ करोडदेखि माथि जति पनि भएमा प्रतिहजार रु. ०.६० (साठ्ठी पैसा) का दरले सम्पत्ति, मालपोत तथा भूमिकर लाग्ने छ। | | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आ.व. २०८०/०८१ का लागि आन्तरिक आय ठेक्का अन्तरगत तपशिल अनुसारका ठेक्का ईविड मार्फत आह्वान गरिएकोमा तपशिल अनुसारका ठेकेदार फर्म/ कम्पनीहरुबाट प्राप्त भएको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही रहेकोले ठेक्का सम्झौता गर्नका लागि नगर स्तरीय आन्तरिक आय मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोमा सम्झौता गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | ठेक्काको नाम | ठेकेदार फर्म/कम्पनी | कवोल अंक (मू.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | घैलाडुब्बा बजार तर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | गैंडि निर्माण सेवा, क.न.पा.-३ | २२,२७,०००।- | |

Scanned with CamScanner

## कनकाई नगरपालिका

आ.व २०८०/०८१ — ३७ औं नगर कार्यपालिका बैठक — मिति २०८०/०४/१०

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कनकाई नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्नका लागि आ.व. २०७९/०८० मा अभियान संचालन गरिएकोमा वडा नं. ५,६ र ८ वडा बालमैत्री वडा हुन तोकिएका ५३ वटा सूचकहरु पुरा भएकाले उक्त वडाहरुलाई धन्यवाद तथा सम्मान स्वरुप प्रति वडा रु. ५००००।- का दरले प्रदान गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिकाको नगरसभाबाट स्विकृत भएको नगर प्रहरी (गठन तथा संचालन) ऐन-२०८० बमोजिम आवश्यक मापदण्ड निर्माण गरी नगर प्रहरीको दरखास्त आह्वानका लागि विज्ञापन प्रकासन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कनकाई नगर अस्पतालको मिति २०८०/०४/१० गतेको पत्रबाट जनशक्ति व्यवस्थापनका लागि माग भई आएको हुँदा सो जनशक्ति व्यवस्थापन गर्दा सृर्जना हुने दायित्व नगर अस्पतालबाट नै व्यवस्थापन गर्ने गरी आवश्यक प्रकृया अगाडि बढाउन स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कनकाई नगरपालिकाले मिति २०८०/०४/०१ गतेबाट सूर्तिजन्य पदार्थ (बिक्रि, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन-२०८० बमोजिम मुख्य बजार क्षेत्रहरुमा वडास्तरीय अनुगमन समिति गठन गरी उक्त कार्यमा उत्कृष्ट अनुगमन तथा नियन्त्रण गर्ने वडालाई कार्य प्रगतिका आधारमा पूर्वाधार निर्माण कार्यका लागि १ पटक हुने गरी रु. ५ लाख रुपैया र उत्कृष्ट अनुगमन समितिलाई अनुदान स्वरुप १ पटकका लागि रु. १ लाख प्रदान गर्ने निर्णय गरियो । साथै कनकाई नगरपालिका वडा नं. १ स्थित दलित सामुदायिक भवन जिल्ला समन्वय समितिको मातहतमा रहेकाले सो भवनलाई यस नगरपालिकाको नाममा हस्तान्तरण गरिदिन जिल्ला समन्वय समिति झापालाई अनुरोध गर्ने निर्णय गरियो ।

साथै कनकाई नगरपालिकाको क्षेत्र भई बहने बिरिङ र कनकाई नदीबाट आ.व. २०८०।८१ को लागी नदीजन्य पदार्थ संकलन वा बिक्रीका लागी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका लागि सम्झौता बमोजिम बिरिङ नदीको मे. पारवकन्सल्टिङ सर्भिस र कनकाई नदीको अभियान्त्रिक कन्सल्ट बाट प्राप्त TOR सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक:३८-२०८०/०८१

**आज मिति २०८० साल भाद्र ०५ गते मंगलबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।**

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कटूवाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, नि.प्र.प्र.अ.- | पिताम्बर गौतम |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |
| ४. सू.प्र.अ.- | खगेन्द्र मिश्र |

Scanned with CamScanner

कनकाई नगरपालिका
३८ औं नगर कार्यपालिका बैठक

आ.व २०८०/०८१ मिति २०८०/०५/०५

**एजेण्डाहरु**

१. समीक्षा सम्बन्धमा।
२. IEE स्विकृती सम्बन्धमा।
३. खाद्य विज्ञ सम्बन्धमा।
४. रिक्त पदहरुको लोकसेवामा माग सम्बन्धमा।
५. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कनकाई नदी र विरिङ्ग खोला क्षेत्रबाट संकलन, उत्खनन तथा विक्रीको प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्ने निर्णय गरियो। साथै

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको बजार अनुगमनलाई व्यवस्थित रुपमा अनुगमन गर्न १ जना खाद्य विज्ञको रुपमा परामर्श सेवा मार्फत खाद्य विज्ञ राख्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको कार्यालयका लागि तपशिल बमोजिमको पदहरु रिक्त भएको हुदाँ प्रदेश लोक सेवा आयोगको कार्यालयमा नियमानुसार पद पूर्तिका लागि लेखि पठाउने निर्णय गरियो।

तपशिल:

| पद | सेवा/समूह | तह | संख्या | पद रिक्त भएको मिति | रिक्त हुनुको कारण |
|---|---|---|---|---|---|
| सिडिई | ईन्जिनियरिङ | ९ | १ | २०७५/१२/२५ | समायोजन तथा बढुवा भई नआएको |
| कृषि विकास अधिकृत | कृषि | ७ | १ | २०७५/१२/२५ | समायोजन तथा बढुवा भई नआएको |
| कृषि ईन्जिनियर | कृषि/ईन्जिनियरिङ | ७ | १ | आ.व.२०७८/७९ | संगठन संरचनामा थप गरिएको पद |
| अधिकृत | प्रशासन | ७ | १ | २०८०/०४/०१ | राजिनामा लिई गएको |
| आ.ले.प. | लेखा | ७ | १ | | पद बढुवा भई गएको |
| अधिकृत | लेखा | ७ | १ | २०७८/०६/१३ | मृत्यु भई पद खाली भएको |
| अधिकृत | कानून | ७ | १ | आ.व.२०७८/७९ | संगठन संरचनामा थप गरिएको पद |
| सब. ईन्जिनिरय | ईन्जिनियर | ५ | १ | २०७५/१२/२५ | समायोजन तथा बढुवा भई नआएको |
| प्रा.स. | पशु/स्वास्थ्य | ४ | १ | २०७५/१२/२५ | समायोजन तथा बढुवा भई नआएको |
| अ.सब. ईन्जिनिरय | ईन्जिनियर | ४ | २ | २०७५/१२/२५ | समायोजन तथा बढुवा भई नआएको |
| सहायक चौथो | प्रशासन | ४ | २ | २०७५/१२/२५ | समायोजन तथा बढुवा भई नआएको |

Scanned with CamScanner

बैठक:३९-२०८०/०८१

आज मिति २०८० साल भाद्र ०७ गते बिहीबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कटुवाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, नि.प्र.प्र.अ.- | पिताम्बर गौतम |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |
| ४. सू.प्र.अ.- | खगेन्द्र मिश्र |

Scanned with CamScanner

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ३९ औं नगर कार्यपालिका बैठक मिति २०८०/०५/०७

**एजेण्डाहरु**

१. समीक्षा सम्बन्धमा ।
२. राजश्व सम्बन्धमा ।
३. घ वर्गको ईजाजत पत्र सम्बन्धमा ।
४. संस्था दर्ता सम्बन्धमा ।
५. कार्यविधि सम्बन्धमा ।
६. करार सेवामा पदपूर्ति सम्बन्धमा ।
७. लागत साझेदारी सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा कनकाई नगरपालिकाको १३ औं नगर सभाबाट स्विकृत भएको आर्थिक बर्ष २०८०/०८१ का लागि तय गरिएको एकिकृत सम्पत्ती कर/ मालपोत तथा भूमिकर निर्धारण जग्गाको बर्गिकरण अनुसार गर्दा कतै कर बढेको र कतै घटेको अवस्था देखिएको साथै सवै वडामा वर्गिकरण समेत भईनसकेको हुँदा आगामी बर्ष थप छलफल गर्दै कर निर्धारण गर्ने गरी चालु आ.व. का लागि गत आ.व. २०७९/०८० को एकिकृत सम्पत्ति कर/मालपोत तथा भूमिकर लिने व्यवस्था मिलाउन पुनः नगरसभाबाट स्वीकृत गर्नुपर्ने भएकाले आगामि नगर सभा मिति २०८०/०५/२४ गते बस्ने गरी निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कनकाई नगरपालि वडा नं ३ मा रहेको श्री इभान्सी निर्माण सेवालाई कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७५ बमोजिम प्राप्त कागजात तथा सहकारी तथा संघसस्था शाखाको सिफारिस अनुसार घ वर्गको इजाजतत्र दिन उपयुक्त देखिएकाले सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ०३ मा रहेको श्री स्वतन्त्र यातयात मजदुर भलाई मञ्च तथा कनकाई नगरपालिका वडा नं ०७ मा रहेको लक्ष्मण नर्वदा खड्का स्मृति अक्षयकोष संरक्षण संस्थाको प्राप्त कागजात तथा कनकाई नगरपालिकाको सम्बन्धित शाखाको सिफारिस अनुसार कनकाई नगर संस्था दर्ता ऐन २०७८ को दफा ४ बमोजिम संस्था दर्ता गर्न उपयुक्त देखिएकाले निर्णय पारित गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा कनकाई नगरपालिकाको विधायन समितिबाट पेश भई आएको कनकाई नगरपालिकाको बजार व्यवस्थापन ऐन-२०८० पारितका लागि आगामी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा कनकाई नगरपालिकामा प्राविधिक जनशक्ति अभावका कारण वडागत रुपमा प्राविधिक कर्मचारी परिचालन गर्न नसकिएकाले स्वीकृत दरबन्दीमा रहेको पदमा तपशिल बमोजिमको करार सेवा मार्फत कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो ।
क. सहायकस्तर पाँचौं तह (पशु सेवा प्राविधिक)-१
ख. सब ईन्जिनियर -१
ग. अशिष्टेन्ट सब ईन्जिनियर-२

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा नेपाल सरकार उर्जा,जलस्रोत तथा सिचाइ मन्त्रालय वैकल्पि उर्जा प्रवर्दन केन्द्रको प्राप्त पत्र अनुसार हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने खाना पकाउने स्वच्छ उर्जा कार्यक्रममा साझेदारी गर्नेका लागि आशय पत्र सहित माग संकलनका लागि पत्राचार भएकाले सो को लागि प्रत्येक वडाबाट वडागत रुपमा माग संकलन गरि आशय पत्र बुझाउने निर्णय गरियो । साथै वडागत रुपमा प्राप्त मागका आधारमा नियमानुसार लागत साझेदारी समेत गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा वडा नं ८ स्थित घाग्रा खोला माथि आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने गरी संघीय सरकारबाट स्विकृत रु. २० लाख रकममा यस नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने १३ प्रतिशत रकम लागत साझेदारी व्यहोरी नियमानुसार झोलुङ्गे पुल निर्माण निर्माण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक:४०-२०८०/०८१

आज मिति २०८० साल भाद्र २४ गते आईतबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, नि.प्र.प्र.अ.- | पिताम्बर गौतम |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |
| ४. सहायक पाँचौ - | मनिता राई |
| ५ अ.सब. ई- | आशीष घिमिरे |
| ६ ड्राइभर | कुशल इमागाई |

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ४० औं नगर कार्यपालिका बैठक मिति २०८०/०५/२४

एजेण्डाहरु

१. समीक्षा सम्बन्धमा ।
२. राजश्व सम्बन्धमा ।
३. स्थानीय दररेट सम्बन्धमा ।
४. श्रम ऐन सम्बन्धमा ।
५. राजिनामा सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा कनकाई नगरपालिकाको १३ औ नगर सभाबाट स्वीकृत भएको एकिकृत सम्पति कर, मालपोत कर र भूमिकरको राजश्व वर्तमान जग्गाको वर्गीकरण अनुसार निर्धारण गरिएकोमा उक्त निर्धारित करबाट करदातालाई गतको कर भन्दा अत्याधिक वृद्धि भएको भन्ने व्यापक जनगुनासो तथा राजनीतिक दलहरुबाट समेत साविककै दरमा राजश्व कायम गरिदिन माग भइ आएकोले हालको आर्थिक मन्दीको अवस्था समेतलाई मध्यनजर गर्दै जनगुनासो समेतको व्यवस्थापन गरि गत आ.व.२०७९/८० को मालपोत,भूमिकर र सम्पतिकर सहितको दरमा हालको वर्गीकरण अनुसारको वास्तविक भूगोलका आधारमा राजश्व कायम रहने गरि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम कनकाई नगरपालिकाबाट निर्माण हुने आयोजनाका लागि कामदारको ज्याला,मिसिनको भाडा तथा ढुवानी,वन पैदावर सामाग्री,विधुतीय उपकरण, सिचाइ सामाग्री, खानेपानी, सरसफाई सामाग्री तथा औजारको स्थानीय दर रेट गर्नुपर्ने व्यवस्था अनुसार आर्थिक वर्ष २०८०/८१ का लागि भौतिक पूर्वाधार समितिबाट पेश भएको स्थानीय दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ छलफल गर्दा नेपाल सरकारले मिति २०८० श्रावण ३२ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरि मिति २०८० श्रावण १ देखि लागु हुने गरि श्रमिकको न्यूनत्तम पारिश्रमिक मासिक रु १५,००० बाट बृद्धि गरि मासिक रु १७,३०० कायम गरेकाले कनकाई नगरपालिकामा कार्यरत कर्मचारी ले मासिक १५,००० तलब हुनेको हकमा रु १७,३००।- तलब कायम गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगर हस्पिटलमा कार्यरत स्टाफ नर्स बेनिशा प्रसाईको मिति २०८०/०५/३१ गतेबाट लागू हुने गरि आफ्नो पदबाट राजिनामा दिनुभएको हुँदा राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेश विराटनगर को च.नं.२७ मिति २०८०/०४/०८ को आवश्यक समन्वय गर्ने परिपत्र अनुसार राष्ट्रिय भवन संहिता मापदण्ड अनुरुपको आधारभूत डकर्मी (म्यासन) तालिम सञ्चालनका लागि श्री विशाल थेवे(इन्जिनियर)लाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो साथै तालिम सञ्चालनका लागि सहयोग तथा सहकार्य गर्ने निर्णय गरियो । साथै यशोदा ट्रेडिङ विर्तामोडको सुर्तीजन्य पदार्थको विषयमा प्राप्त निवेदन उपर छलफल गर्न कानुन विज्ञ संग परामर्श गर्ने निर्णय गरियो । साथै कनकाई नगरपालिकामा चालु आ.व.२०८०/८१ मा कृषि विकास शाखा अन्तरगतका क्रियाकलाप संचालनका लागि कनकाई नगरपालिका र कारितास नेपालसंग साझेदारीमा आइ.पि.एम तथा जैविकखेति प्रवर्दधन कार्यक्रम सञ्चालनका लागि चालु आ.व.२०८०/८१ मा समेत निरन्तरताका लागि सर्वसम्मत निर्णय पारित गरियो ।

Scanned with CamScanner

बैठकः४१-२०८०/०८१

आज मिति २०८० साल असोज १९ गते शुक्रबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | लक्ष्मी प्रसाद खरेल |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |
| ४. सि.अ.हे.व.- | खगेन्द्र प्रसाद दंगाल |
| ५. कृषि स्नातक अधिकृत- | प्रियंका गौतम |
| ६. सहायक पाँचौ- | सम्झना तिवारी |

Scanned with CamScanner

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ४१ औं नगर कार्यपालिका बैठक मिति २०८०/०६/१९

**एजेण्डाहरु**

१. समीक्षा सम्बन्धमा।
२. बजार व्यवस्थापन सम्बन्धमा।
३. संस्था दर्ता सम्बन्धमा।
४. विज्ञापन कर सम्बन्धमा।
५. संघीय विशेष तथा समपुरक अनुदानको ठेक्का आह्वान सम्बन्धमा।
६. सम्झौता अनुमोदन सम्बन्धमा।
७. राजश्व संकलन सम्बन्धमा।
८. नगर अस्पतालका लागि केमिकल खरिद सम्बन्धमा।
९. सामुहिक खेती सम्बन्धमा।
१०. भुक्तानी दिने सम्बन्धमा।
११. पत्राचार सम्बन्धमा।
१२. जनप्रतिनिधीको चाड पर्व खर्च सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ३, सुरुङ्गा बजारलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सब्जि बजारलाई सुरुङ्गा ट्राफिक प्रहरी कार्यालय उत्तर पट्टी निर्माण गरिएको कनकाई एकिकृत कृषि बजारमा तोकिएको स्थानमा स्थानान्तरण गरि पुरानो तरकारी बजार क्षेत्रमा व्यवस्थित व्यावसायिक भवन निर्माण गर्नुपर्ने भएकाले माथिल्लो तथा तल्लो बजार स्थान खाली गर्न आवश्यक सहयोगका लागि जिल्ला प्रशासन कार्यालय, भद्रपुर झापालाई पत्राचार गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ०१ मा रहेको श्री विहानी महिला समूह संस्था र सहजीकरण महिला समूहबाट प्राप्त कागजात तथा सम्बन्धित शाखाबाट सिफारिस समेत भई आएकाले कनकाई नगर संस्था दर्ता ऐन-२०७८ को दफा ४ बमोजिम संस्था दर्ता गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आ.व .२०८०/८१ का लागि आन्तरिक आय संकलन (कनकाई नगरपालिकाको ठेक्का बन्दोवस्त सम्बन्धी कार्यविधि-२०७५) बमोजिम नगरपालिका क्षेत्रको विज्ञापन कर संकलन गर्नका लागि ई-बिडिङ्ग विधि मार्फत १५ दिने सूचना प्रकाशन गरि ठेक्का आह्वान गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आ.व.२०८०/८१ का लागि संघीय विशेष तथा समपुरक कोष मार्फत संचालन हुने योजनाहरुको नियमानुसार ठेक्का आह्वानका लागि तपशिल बमोजमका योजनाहरुको ठेक्का आह्वान गर्ने निर्णय गरियो।

**तपशिलः**

क. जनपथ मार्ग (क्रमागत)- क.न.पा.-७
ख. जामुनबारी चोकबाट वनपथ हुँदै बायोग्याँस प्लाण्टसम्म जाने पूर्वाधार निर्माण- क.न.पा.-१ र २

Scanned with CamScanner

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आ.व.०८०/८१ को आन्तरिक आय संकलनका लागि आह्वान गरिएको बिरिङ्ग खोलाको नदीजन्य पदार्थ संकलन तथा बिक्रीका लागि ई विडिङ्ग मार्फत प्राप्त भएका फर्मबाट गैंडे निर्माण सेवा, क.न.पा-३ ले सबैभन्दा बढि रकम रु. २,११,११,५११।- (अक्षेरुपी दुई करोड एघार लाख एघार हजार पाँच सय एघार रुपैया मात्र) कबोल गरेकाले कनकाई नगरपालिकाको ठेक्का बन्दोवस्त सम्बन्धी कार्यविधि-२०७५ बमोजिम एकमुष्ट जम्मा गरेमा नियमानुसार जम्मा रकम (कर बाहेक) को रकममा १० प्रतिशत छुट गरे पश्चात प्राप्त हुने रकम रु. १,९२,४३,२३५।- (कर सहित) बराबरको सम्झौता गरेकाले उक्त सम्झौता अनुमोदन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा कनकाई नगरपालिकाको घर बहाल कर संकलन सम्बन्धमा राजश्वको जिम्मेवारी र राजश्व उठाउनका लागि आवश्यक योजना तर्जुमा गरि आगामि कार्यापालिकामा पेश गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा कनकाई नगर हस्पिटलको मितिः२०८०/०६/१८ गते प्राप्त पत्र अनुसार ल्यावका लागि आवश्यक केमिकल लगायतका मेडिकल सामाग्री खरिद प्रकृयाका लागि सम्पूर्ण खर्च र खरिद वापतको भुक्तानी कनकाई नगर हस्पिटल मार्फत हुने गरि ई-विडिङ प्रकृया अगाडि वढाउने निर्णय गरियो।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा कनकाई नगरपालिकाको कृषि शाखा मार्फत प्राप्त टिप्पणी अनुसार सामूहिक खेतिका लागि रकम उपलब्ध गराउने सम्बन्धमा कार्यपालिका मार्फत नगर प्रमुखलाई नै खर्च गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ८ मा आ.व.२०७९/८० मा निर्माण सम्पन्न भएको घाँग्रा खोलामा ट्रस पुल निर्माण सम्पन्न भई भुक्तानी हुन बाँकी रहेको रकम रु १३,५९,६३२(अक्षेरुपि तेह लाख उन्साठ्ठी हजार छ सय बत्तिस रुपैया मात्र) भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

११. प्रस्ताव नं १२ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आ.व.२०७६/७७ मा kankai/ncb/works/3/076/77 कनकाई बहुदेशिय सामुदायिक भवन निर्माणका लागि ठेक्का आह्वान गरि याक्थुम्हाङ/एस.ए.एस. ज्वाइन्ट भेन्चर फिदिम, पाँचथरले ठेक्का पारि सम्झौता समेत भएकोमा सोहि सम्झौता बमोजिम निर्माण कार्य सञ्चालनका लागि उक्त फर्मलाई १५ दिन भित्र कार्य प्रकृया अगाडि बढाउनका लागि पत्राचार गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा नेपालीहरुको महान चाड बडा दशैं २०८० को पावन अवसरमा यस कनकाई नगरपालिकामा निर्वाचित जनप्रतिनिधीहरुलाई विगत बर्षबाट उपलब्ध गराउदैं आएको चाँडपर्व खर्च (दशैं) को अवसरमा प्रति जनप्रतिनिधी रकम रु. १०,०००।- का दरले आन्तरिक श्रोतबाट भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner

बैठक:४२-२०८०/०८१

आज मिति २०८० साल असोज ३० गते मंगलबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. कार्यवाहक वडाध्यक्ष - | युवराज राजवंशी |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य-. | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | लक्ष्मी प्रसाद खरेल |

अन्य:

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |
| ४) कृषि वि.अ. | रुद्र कुमार उप्रेती |
| ५) सहायक पाँचौ | सञ्जना तिवारी |

Scanned with CamScanner

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ४२ औं नगर कार्यपालिका बैठक मिति २०८०/०६/३०

एजेण्डाहरु

१. समीक्षा सम्बन्धमा।
२. शुभकामना सम्बन्धमा।
३. कार्यविधि संसोधन सम्बन्धमा।
४. प्रस्ताव आह्वान सम्बन्धमा।
५. साझेदारी कार्यक्रम संचालन सम्बन्धमा।
६. बधशाला निर्माण सम्बन्धमा।
७. घर नक्सा सम्बन्धमा।
८. अन्तिम भुक्तानी सम्बन्धमा।
९. स्थानीय विदा सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आउदै गरेको २०८० सालको नेपालीहरुको महान चाडे बडा दशैं, शुभ दिपावली, छठ पुजा लगायतका पंर्वको उपलक्ष्यमा कनकाईवासी नागरिक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नागरिकहरुमा सुःख शान्तीको कामना सहित शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कनकाई नगरपालिकाको साझेदार सस्था संग साझेदारीमा कृषि तथा पशुपालन उद्धमशीलता विकास कार्ग्रम सञ्चालन गर्नका लागि कनकाई नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ लाई कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को परिच्छेद ३ (संशोधन) सहित पारित गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा कनकाई नगरपालिकामा गैर सरकारी संस्थासंग लागत साझेदारीमा कृषि तथा पशुपालन उद्धमशीलता विकास कार्यक्रम सञ्चालनका लागि पुन तेस्रो पटक प्रस्ताव आह्वान गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा कृषि क्षेत्रमा काम गर्न इच्छुक जनता एग्रो एण्ड फरेष्ट्री लिमिटेडसंग सांझेदारीमा काम गर्नेका लागि वडागत तथा सर्वदलीय पक्षहरुबाट प्राप्त राय सुझावका आधारमा प्रकृया अगाडि बढाउने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा कनकाई नगरपालिकाको घैलाडुब्बा बजार क्षेत्रमा वद्धशाला निर्माणका लागि अध्ययन पहल गर्न नेपाल सरकार,दातृनिकाय तथा साझेदार संस्थासंग आवश्यक सहयोगका लागि पंत्राचार गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको क्षेत्र भित्र रहेका राष्ट्रिय भवन संहिताको पालना गरी निर्माण भएका तर घर नक्सा पास नगरेका भवनहरुको लागि यस अघि मिति २०८० साल असोज मसान्तसम्मको लागि अभिलेखीकरण गर्न म्याद थप गरिएकोमा घर नक्सा पास गर्न मिति २०८० साल असार मसान्तसम्ममा आएका फाईलहरुको दर्ता प्रकृयामा रहेका घरधनीहरुको लागि मात्र मिति २०८० साल मंसिर मसान्तसम्मका लागि अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय गरियो।

Scanned with CamScanner

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ४२ औं नगर कार्यपालिका बैठक मिति २०८०/०६/३०

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा **Kanakai/NCB/Works/5/079-80** अन्तरगत पञ्चायत मार्ग कालोपत्रे सम्बन्धी निर्माण कार्यको लागि मिति २०७९/११/०२ गते ग्लोबल कन्स्ट्रक्सन, शिवसताक्षी नगरपालिका, झापा विच भएको सम्झौता बमोजिम उल्लेखित कार्य गरी बाँकी रहेको रकममा अतिरिक्त कार्य गर्नका लागि उक्त कन्स्ट्रक्सनको नाममा मू.अ.क. सहित रकम रु. १३,६१,२२९.३६।- को भेरिएसन आदेश जारी गरिएकोमा उक्त भेरिएसन बापतको कार्य सम्पन्न गरिएकाले सम्बन्धित प्राविधिकको प्रतिवेदन बमोजिम अन्तिम भुक्तानीका लागि माग भई आएकोमा उक्त भेरिएसन वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८०/०७/०५ गते देखि मिति २०८०/०७/०९ गतेसम्म नेपालीहरुको महान चाड बडादशैंको अवसरमा नेपाल सरकारको विदा तथा मिति २०८०/०७/१०१ गते शनिबार पर्न गई बीचमा १ दिन मात्र कार्यालय खुल्ने दिन पर्न गएकोले उक्त मिति २०८०/०७/१० गते शुक्रबार स्थानीय विदा दिने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गर्दा बुद्धशान्ती गाँउपालिका वडा नं. ४ निवासी सूर्य प्रसाद रिमाललाई आँखाको अपरेसन गर्नका लागि आर्थिक सहयोग वापत रकम रु. २०,०००।- उपलब्ध गराउने निर्णय गरियो। साथै कनकाई खेलकुद प्रतिष्ठान कनकाई नगरपालिका वडा नं. ३ लाई प्रत्येक वर्ष विजयादशमीको फुलपातिका दिन बृहत कनकाई सन्थाल मेलाको आयोजना गर्ने भएकाले उक्त मेला संचालनका लागि यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शिर्षकको खेलकुद कार्यक्रमबाट रकम रु. २,००,०००।- (अक्षरेपी दुई लाख रुपैया मात्र) मेला संचालनका लागि सहयोग गर्ने निर्णय गरियो। साथै कनकाई नगरपालिका मातहत रहेको कनकाई नगर हस्पिटल, सुरुङगामा करार सेवामा इलेक्ट्रिसयन पदमा कार्यरत रमेश प्रसाद घिमिरेलाई कार्यलयको समय भन्दा अतिरिक्त समय कनकाई नगरपालिकामा इलेक्ट्रिसयन, प्लम्बरसंग सम्बन्धित कार्य गरेबापत मासिक इन्धत तथा खाजा खर्च रकम रु. १०,०००।- (अक्षरेपी दस हजार मात्र) २०८० साल साउन देखि लागू हुने गरि भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

बैठक:४३-२०८०/०८१

आज मिति २०८० साल कार्तिक १६ गते बिहीबारका दिन यस  कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. कार्यवाहक वडाध्यक्ष - | नरमान श्रेष्ठ |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | लक्ष्मी प्रसाद खरेल |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी |
| ४. ईन्जिनियर- | कुशल हुमागाई |

Scanned with CamScanner

**एजेण्डाहरु**

१. समीक्षा सम्बन्धमा।
२. बहुउद्देशीय भवन निर्माण सम्बन्धमा।
३. भाडादर निर्धारणका लागि उप समिति गठन सम्बन्धमा।
४. मेयर आवास कार्यक्रम सम्बन्धमा।
५. भुक्तानी सम्बन्धमा।
६. विपद व्यवस्थापन सम्बन्धमा।
७. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ३,सुरुङ्गा बजारस्थित बहुदेशीय भवन निर्माणका लागि आ.व.२०७६/७७ मा ठेक्का सम्झौता नं KANKAI/NCB/WORKS-03 मा याक्थुहाङ एस.ए.एस.ज्वाइन्ट भेन्चरसंग सम्झौता भएकोमा उक्त फर्मले मूल्य समायोजनका लागि पत्राचार गरेकोमा सो सम्बन्धमा विज्ञसंग राय परामर्श गरी कार्य अघि बढाउने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ३, सुरुङ्गा बजार ट्राफिक प्रहरी कार्यालय उत्तरको एकिकृत कृषि बजारको टहराको भाडादर निर्धारण गर्नका लागि तपशिल बमोजिमको उप-समिति गठन गर्ने निर्णय गरियो।
क. श्री युवराज चौलागाइ- संयोजक
ख. श्री लक्ष्मी कटुवाल- सदस्य
ग. श्री भोजराज आचार्य- सदस्य
घ. उद्योग वाणिज्य संघको प्रतिनिधि- सदस्य
ङ. बजार व्यवस्थापन समिति प्रतिनिधि-सदस्य

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा ओ.व.२०८०/८१ मा विनियोजित मेयर आवास कार्यक्रम अन्तरगत निर्माण हुने २५ वटा घर निर्माणका लागि प्रत्येक वडामा २/२ वटाका दरले १८ वटा मेयर आवास घर बाँडफाँड गर्ने र बाकी रहेको ७ वटा घर नगर प्रमुख र उपप्रमुखले तोकिएका व्यक्तिलाई बाडफाँड गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ५ मा लक्ष्मी मार्ग सडक मर्मतको लागि रकम रु ५,००,००० (अक्षेरुपी पाँच लाख रुपैया मात्र) सम्बन्धित प्राविधिक तथा अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न धुले सडकहरुको मर्मत गर्नका लागि कनकाई नगरपालिका अन्तर्गत विरिङ खोलामा IEE प्रतिवेदन बमोजिम नगरले नै नदीजन्य पदार्थ उत्खनन् गरि प्रयोग गर्नका लागि जिल्ला विपद व्यस्थापन समितिलाई लेखी पठाउने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा मिति २०८०/०७/२३ गते देखि २५ गते सम्म कनकाई नगरपालिका वडा नं. ४ मा रहेको कनकाई माईको तटमा संचालन हुने महायज्ञ महाअनुष्ठानलाई व्यवस्थापकिय कार्य गर्नका लागि यस नगरपालिकाबाट रकम रु. १,००,०००।- (अक्षरेपी एक लाख रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner

बैठक:४४-२०८०/०८१

आज मिति २०८० साल मंसिर २० गते बुधबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. कार्यवाहक वडाध्यक्ष - | नरमान श्रेष्ठ |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | लक्ष्मी प्रसाद खरेल |

अन्यः

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |

Scanned with CamScanner

कनकाई नगरपालिका

४४ औं नगर कार्यपालिका बैठक

आ.व २०८०/०८१ मिति २०८०/०८/२०

एजेण्डाहरु

१. समीक्षा सम्बन्धमा।
२. साझेदारी कार्यक्रम सम्बन्धमा।
३. उपचार खर्च सम्बन्धमा।
४. नगर प्रहरीको सेवा सुविधा सम्बन्धमा।
५. म्याद थप सम्बन्धमा।
६. लागत साझेदारी सम्बन्धमा।
७. राजिनामा स्विकृत सम्बन्धमा।
८. विविध सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाद्वारा साझेदारीमा पशुपालन तथा उद्यमशिलता सम्बन्धी कार्य गर्न विभिन्न मितिमा प्रस्ताव आह्वान गरिएकोमा सारभुत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समिति मार्फत छनोट भएको हेफर प्रोजेक्ट नेपालसँग आगामी आ.व. २०८२/०८३ सम्म समयावधि रहने गरी ३ वर्षिय सम्झौता गर्ने तथा लागत रु. ३ करोड नगरपालिकाको आन्तरिक श्रोत तथा संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फका कृषि तथा पशु विकास कार्यक्रम समेत समावेश गरी ति सशर्त अनुदानका कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप कार्यक्रम संचालन हुने गरी तथा हेफर नेपालको ३० प्रतिशत लागत साझेदारीमा नगरको दिर्घकालिन कृषि क्षेत्रको उपलब्धी तथा कृषकको आवश्यकता र माग सम्बोधन हुने गरी कृषि विकास शाखा, पशु तथा मत्स्य विकास शाखाको TOR बमोजिम कार्यक्रम संचालन गर्नका आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको वडा नं. ८ का वडा सदस्य श्री रिता उप्रेतीज्यूको स्वास्थ्यमा समस्या आई चेक जाँच वापत पाठेघरको सल्यकृया गर्दा हुन आउने उपचार खर्च वापतको रकम कनकाई नगरपालिकाको जनप्रतिनिधी तथा कर्मचारी स्वास्थ्य उपचार कल्याण कोष संचालन ऐन २०७५ बमोजिम प्राप्त भएको विल भर्पाईका आधारमा नियमानुसार रकम भुक्तानी गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कनकाई नगरपालिकाको लागि नगर प्रहरी पदका लागि प्रकाशित विज्ञापन बमोजिम छनोट भएका नगर प्रहरीहरुको तपशिल बमोजिमका पदहरुमा नेपाल सरकारको नेपाल प्रहरीले उपलब्ध गराउने आधारभुत तलव बमोजिमको हुने सेवा करार गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | पद | मासिक तलव | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रहरी हवल्दार | रु. २७६१२ | |
| २ | नगर प्रहरी जवान | रु. २६०८२ | |

साथै यस कनकाई नगरपालिकामा विगत वर्ष देखि नै परामर्श सेवा खरिदबाट सम्झौता भएको राना सेक्यूरेटी सर्भिस प्रा.लि.बाट नगरपालिकामा कार्यरत सुरक्षा गार्डहरुको नगर प्रहरीको अन्य पदमा व्यवस्थापन नभएसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा संचालित तपशिल बमोजिमका योजनाहरुको कार्य सम्पन्न नभएकाले मिति २०८० साल पौष मसान्तसम्ममा सम्पन्न हुने गरी उक्त योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बौद्धिक मार्ग क | क.न.पा.-३ | १९,३१,५१२ | |
| २ | खगेन्द्र ओलीको घर देखि पूर्व बौद्धिक मार्ग जोड्ने बाटोमा पेभर्स र ड्रेन जडान गर्ने कार्य | क.न.पा.-३ | ४,९८,५५१ | |
| ३ | झापा रोड डिल्ली सिटौलाको घरबाट योगमाया पार्क जोड्ने कालोपत्रे बाटो निर्माण | क.न.पा.-३ | १०,००,०००।- | |

Scanned with CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ का लागि स्विकृत भएका योजनाहरुको उपभोक्ता समितिमार्फत संचालन हुने योजनाहरुको हकमा लागत सहभागिता वापत उपभोक्ता समितिले कुल रकमको न्यूनतम ५ प्रतिशत रकम समितिको खातामा रकम बैंक दाखिला गरी योजना सम्झौता गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कनकाई नगरपालिका अन्तरगत संचालित प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गा (कनकाई नगर हस्पिटल) मा मिति २०७७/१२/०१ गते देखि मेडिकल अधिकृतको पदमा कार्यरत डा. अभिशेक नायकले मिति २०८०/०८/१५ पेश गर्नुभएको राजिनामा पत्रलाई मिति २०८०/०८/१९ गते देखि लागु हुने गरी राजिनामा स्विकृत गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कनकाई नगरपालिकाको विरिङ्ग नदीको क्षेत्रमा नदीजन्य पदार्थको उत्खनन गर्दा उत्खनन स्थलमै संकलन गर्ने सडक सुधार शुल्कको ठेक्का विभिन्न मितिमा प्रकाशन गर्दा कुनै पनि बोलपत्रदाता वा ठेकेदार कम्पनीबाट बोलपत्र पेश नभएकाले उक्त ठेक्का संचालनका लागि पुनः रु. ३० लाख नघट्ने गरी खुल्ला बोलपत्रको माध्यमबाट सुचना प्रकाशन गर्ने निर्णय गरियो।

साथै कनकाई नगरपालिका वडा नं. ७ स्थित दुर्गापुर बजारमा रहेको ब्यवसायिक भवनमा गणेश ठाकुरको नाममा रहेको सटरको १४ महिना वापतको भाडा यस कार्यालयमा दाखिला नगरेकाले उक्त १४ महिनाको भाडादर धरौटीबाट कट्टा हुने गरी असुल गर्ने निर्णय गरियो।

साथै कनकाई नगरपालिका तथा नेपाल विद्युत प्राधिकरण विच लागत साझेदारीमा खरिद गरिएको हाईमास लाईट कनकाई नगरपालिका वडा नं. ३ सुरुङ्गा बजार, वडा नं. ४ कोटीहवन तथा कनकाई नं. वडा नं. ७ स्थित दुर्गापुर बजार क्षेत्रमा जडान गरिएको हाईमास लाईटको विद्युत महशुल यस नगरपालिकाको दायित्व रहने ब्यहोरा संघीय सरकार अर्थ मन्त्रालयबाट जारी भएको परिपत्र अनुसार महशुल भुक्तान नगरपालिकाले नै ब्यहोर्ने निर्णय गरियो।


साथै कनकाई नगरपालिका वडा नं. ३ सुरुङ्गा ट्राफिक प्रहरी कार्यालय उत्तर निर्माण गरिएको एकिकृत कृषि बजार क्षेत्रको सुरक्षालाई ध्यानमा राखी यस कनकाई नगरपालिका वडा नं. ३ बसोवास गर्ने कुमार प्रसाद दाहाल र राजेन्द्र निरौलालाई मिति २०८०/०६/१० गते देखि लागु हुने गरी दैनिक ज्यालादारीमा काम गर्नका लागि चौकीदारमा राख्ने निर्णय गरियो।

साथै कनकाई नगरपालिका वडा नं. ८ स्थित घाग्रा ट्रस्ट ब्रृजमा पुल हेरालु वापत कनकाई नगरपालिका वडा नं. ८ बसोवास गर्ने पुण्यप्रसाद भट्टराईलाई मिति २०८०/०४/०१ देखि लागु हुने गरी वार्षिक रु. ६०००।- रकम पारिश्रमिक वापत भुक्तानी दिने निर्णय गरियो।

साथै कनकाई नगरपालिका अन्तरगत संचालित प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गा (कनकाई नगर हस्पिटल) को माग सिफारिस समेतका आधारमा नगर हस्पिटलमा नगर अस्पिटलले नै संचालन गर्ने गरि विमा फार्मेसी संचालनका लागि तपशिल बमोजिमका पदमा थप जनशक्ति माग भएको हुँदा नगर हस्पिटलकै दायित्व हुने गरी पदपूर्तिको सुचना प्रकाशन गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | पद | संख्या | तह |
|---|---|---|---|
| १ | डि. फर्मा | २ | पाँचौ |
| २ | अ.हे.व | ४ | चौंथो |



Scanned with CamScanner

बैठक:४५-२०८०/०८१

आज मिति २०८० साल पौष ०५ गते बिहीबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | दीर्घ बहादुर थापा |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कटुवाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | लक्ष्मी प्रसाद खरेल |

अन्य:

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. इन्जिनियर कुशल हुमागाई | |

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ४५ औं नगर कार्यपालिका बैठक मिति २०८०/०९/०५

**एजेण्डाहरु**

१. समीक्षा सम्बन्धमा।
२. स्वास्थ्य लाभ सम्बन्धमा।
३. माईमेला ठेक्का सम्बन्धमा।
४. कृषि बजारको भांडादर सम्बन्धमा।
५. साझेदारी कार्यक्रम संचालन सम्बन्धमा।
६. तराईमधेश समृद्धि कार्यक्रमको योजना माग सम्बन्धमा।
७. घर नक्सा सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कनकाई नगरपालिका वडा नं. ६ का वडाध्यक्ष श्री दिर्घ बहादुर थापाको स्वास्थ्यमा समस्या परी भारतको कलकत्तामा उपचाररत हुनु भएकोमा उहाँको स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा बिगत वर्षहरुमा झै यस बर्ष पनि कनकाई नगरपालिका वडा नं. ४ स्थित माइ नदीमा मनाउदै आईरहेको मक्कर माइमेला संचालनका लागि न्यूनतम रकम रु. १०,००,०००।- कायम गरी सिलबन्दी दरभाउ प्रकृया मार्फत ठेक्का अगाडी बढाउने निर्णय गरियो।

४. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. ३ मा रहेको एकिकृत कृषि बजार (ट्राफिक प्रहरी कार्यालय उत्तर) मा निर्माण गरिएको कोठाहरुको भाडादर कायम गर्नका लागि गठित समितिले पेश गरेको दरभाउ बमोजिम क वर्गका कोठाको लागि रकम रु. १५००।- प्रति महिना र ख वर्गका कोठका लागि रकम रु. १०००।- प्रति महिना कायम हुने गरी २०८०/१०/०१ गते देखि लागु हुने गरी निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कनकाई नगरपालिका र जनता एग्रो एण्ड फरेष्ट्री लिमिटेड, काठमाण्डौं बिच साझेदारीमा कृषि क्षेत्रको स्वउद्यमशीलताको विकास तथा प्रबद्धन गर्नका लागि साझेदारीमा कृषि कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत तराई-मधेश समृद्धि कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०८१/०८२ का लागि तपशिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

**तपशिल**

क. सूर्योदय सामुदायिक भवन, कनकाई नगरपालिका वडा नं. ५
ख. दलित सामुदायिक भवन, कनकाई नगरपालिका वडा नं. १
ग. कोच राजवंशी संग्राहलय भवन, कनकाई नगरपालिका वडा नं. ९

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको क्षेत्र भित्र रहेका राष्ट्रिय भवन संहिताको पालना गरी निर्माण भएका तर घर नक्सा पास नगरेका भवनहरुको लागि यस अघि मिति २०८० साल मंसिर मसान्तसम्मको लागि अभिलेखीकरण गर्न म्याद थप गरिएकोमा नयाँ तथा पुरानो अभिलेखिकरणका लागि आएका फाईलहरुका लागि मिति २०८१ साल असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं. २ स्थित श्री पञ्चकन्या प्राथमिक विद्यालयको माग निवेदानुसार २०७८ साल मंसिर महिना देखि हालसम्मको खानेपानी वापतको महसुल श्री सुरुङ्गा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई बुझाउनु पर्ने महसुल रु. ६९६८४।- मध्ये जरिवाना कटौती गरी बाँकी रहेको रकम यस नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो। साथै यस कनकाई नगरपालिकाको १५ औं नगर सभा मिति २०८०/०९/२० गते शुक्रबार दिनको ठिक २ बजे बस्ने निर्णय गरियो। साथै कनकाई नगरपालिका वडा नं. १ स्थित प्रजापती सामुदायिक वनमा फायरलाईन निर्माणका लागि कनकाई नगरपालिकाको आ.व. २०८०/०८१ को बार्षिक बजेट तथा कार्यक्रमको पर्यटन तथा संस्कृति शिर्षकबाट हुने गरी रकम रु. ९,००,०००।- तथा कनकाई सामुदायिक वन उपभोक्ता समितिका लागि भौतिक पूर्वाधार निर्माणका लागि रकम रु. ६,००,०००।- सोहि शिर्षक मार्फत हुने गरि वजेट विनियोजन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

बैठक:४६-२०८०/०८१

आज मिति २०८० साल पौष १९ गते बिहीबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल | |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी | |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल | |
| ४. वडाध्यक्ष- | बलराम राई | |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई | |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी | |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई | |
| ८. कार्यवाहक वडाध्यक्ष- | अर्जुन कुमार राजवंशी | |
| ९. वडाध्यक्ष- | भीष्म भूषण सिटौला | |
| १०. वडाध्यक्ष - | लिला बहादुर कटुवाल | |
| ११. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती | |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल | |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा | |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ | |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर | |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल | |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी | |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल | |
| १९. कार्यपालिका सदस्य- | चेता राई | |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | लक्ष्मी प्रसाद खरेल | |

अन्यः

| | | |
|---|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल | |
| २. सहायक पाँचौ - | विजय पाठक | |
| ३. सहायक पाँचौ - | लक्ष्मी अधिकारी | |

Scanned with CamScanner

कनकाई नगरपालिका
आ.व २०८०/०८१ ४६ औं नगर कार्यपालिका बैठक मिति २०८०/०९/१९

<u>एजेण्डाहरु</u>

१. समीक्षा सम्बन्धमा।
२. नगर सभा सम्बन्धमा।
३. कार्यविधि संशोधन सम्बन्धमा।
४. समपुरक तथा विशेष अनुदान सम्बन्धमा।
५. घ वर्गको ईजाजत पत्र सम्बन्धमा।
६. विविध सम्बन्धमा।

<u>निर्णयहरु</u>

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको १५ औं नगरसभा (हिउँदे अधिवेशन) को पहिलो बैठक मिति २०८०/०९/२० गते दिनको ठिक २ बजे संचालन हुने निर्णय गरियो।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा कनकाई नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ को दफा ४ को उपदफा ३ मा देहायका क, ख र ग हटाई सोको सट्टा देहायको क,ख र ग राखिएको छ।

क. शैक्षिक योग्यता - ९ अंक

१) विशिष्ट श्रेणी बापत ८ अंक
२) प्रथम श्रेणी बापत ७ अंक
३) द्वितीय श्रेणी बापत ६ अंक
४) तृतिय श्रेणी बापत ५ अंक (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) माथिल्लो योग्यता बापत १ अंक

"(ख) कार्य अनुभव बापत – ६ (छ) अंक (प्रति वर्ष १ अंकको दरले, ५ वर्षभन्दा बढीको कार्य अनुभव भए एकमुष्ट ६ अंक । प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने, सरकारी कार्यालयको अनुभवलाई प्रमुख प्राथमिकता दिईनेछ।)

"(ग) स्थानिय बासिन्दालाई देहाय बमोजिम – १५ (पन्ध्र) अंक

१) यस नगरपालिकाको बासिन्दा भएमा – १५ अंक
२) यस जिल्लाको बासिन्दा भएमा – ७ अंक
३) यस जिल्ला भन्दा बाहिरको भएमा - ५ अंक

. <u>कनकाई नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा ४ मा संसोधनः-</u> मूल कार्यविधिको दफा ४ को उपदफा ३ को देहाय (घ) पछि देहाय (ङ) को व्यवस्था थप गरी राखिएको छः-

(ङ) लिखित परिक्षा – ४० अंक

१) दफा ५ बमोजिम गठित समितिले ४० अंकभार बराबरको लिखित परिक्षा लिन सक्नेछ।
२) लिखित परिक्षाको पाठ्यक्रम सम्बन्धित शाखाको परामर्शमा समितिले निर्धारण गरे बमोजिम हुनेछ। निर्धारित पाठ्यक्रमको जानकारी परिक्षार्थीहरूलाई दिनु पर्नेछ।

. <u>कनकाई नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को दफा ५ मा संसोधनः-</u> मूल कार्यविधिको दफा ५ रहेको व्यवस्था हटाई सो को सट्टामा देहायको दफा ५ राखिएको छः-

(५) पदपूर्ति समिति- (१) माग पद संख्याका आधारमा कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम उच्चतम अंक प्रास गरेका उम्मेद्वारहरूलाई लिखित परिक्षा तथा अन्तरवार्ता लिई नगर कार्यपालिकामा सिफारीस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक
(ख) नगरपालिकाको बिषयगत शाखा प्रमुख – सदस्य
(ग) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

लक्ष्मी प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कनकाई नगरपालिका

आ.व २०८०/०८१ ४६ औं नगर कार्यपालिका बैठक मिति २०८०/०९/१९

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय सरकार अन्तरगत राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौंको प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८१/०८२ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तरगत संचालन गरिने आयोजना / कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी परिपत्र बमोजिम देहायका योजनाहरु संघीय समपूरक अनुदान तथा विशेष अनुदानका लागि छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**क. संघीय समपूरक योजना**

